प्रदेश सरकार
लुम्बिनी प्रदेश

# आर्थिक मामिला तथा सहकारी मन्त्रालय

मुकामः बुटवल, नेपाल

☎: ०७१-५५०००३,
०७१-५५००६३

पत्र संख्या : ०७९।८०
चलानी नं. : ०६

मिति : २०७९।०४।०१

विषय : आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन ।

प्रिय सहकारीज्यू,

आर्थिक वर्ष २०७९/८० मा लुम्बिनी प्रदेश सञ्चित कोषबाट तहाँ मन्त्रालय/कार्यालय/सचिवालय र मातहत निकायले गर्ने सेवा र कार्यहरुको निमित्त खर्च गर्ने अधिकारका लागि प्रदेश विनियोजन ऐन, २०७९ जारी भएको व्यहोरा यहाँलाई अवगत नै छ । उक्त ऐनको अनुसूची र व्यय अनुमानको विवरणमा उल्लिखित रकम खर्च गर्न लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ बमोजिम अधिकार प्राप्त अधिकारीले खर्च गर्न सक्ने हुँदा सो अनुसार प्रत्येक निकायका लागि विनियोजित रकमको प्रचलित कानून बमोजिम खर्च गर्ने गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने, गराउने समेतको जिम्मेवारी बहन हुने नै छ ।

आर्थिक वर्ष २०७९/८० को शुरुमा नै बजेट तथा कार्यक्रम समयमा नै कार्यान्वयनमा लैजाने र लक्ष्यअनुसार भौतिक एवम् वित्तीय प्रगति हासिल गर्ने उद्देश्य अनुरुप सहकारीज्यू मातहतका निकायमा २०७९ श्रावण १० भित्र बजेट कार्यान्वयन कार्ययोजना तयार गर्न, २०७९ साउनभित्र ऐन, नियम, निर्देशिका, कार्यविधि तर्जुमा, संशोधन, परिमार्जन आदि गर्नुहुन र भाद्र मसान्तभित्र प्रारम्भिक चरणका कार्यहरु (वातावरणीय प्रभाव मूल्यांकन, जग्गा प्राप्तिको सूचना प्रकाशन, कार्यान्वयन संरचना र जनशक्ति व्यवस्थापन, बोलपत्र कागजातको तयारी, सम्पन्न गर्न र दोस्रो चौमासिक अवधिभित्रै प्रमुख कार्यक्रमहरुको अधिकांश कार्य सम्पन्न हुने गरी काम कारवाही अगाडि बढाउनु हुनेछ भन्ने कुरामा विश्वस्त छु।

**तपसिल बमोजिमका मार्गदर्शनका आधारमा आ.व. २०७९/८० को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुहुन अनुरोध छः-**

**(क)कार्यक्रम कार्यान्वयन कार्ययोजना**

(१) आ.व. ०७८/७९ को प्रगति समिक्षा र आ.व. ०७८/७९ को बजेट कार्यक्रम कार्ययोजनाको प्रस्तुति एवम् छलफल श्रावण महिनाको दोस्रो हप्तामा गर्ने गरी कार्यक्रम तय भएको छ । त्यसैले आ.व. ०७८/७९ को प्रगति समीक्षाको लागि विवरण तयारीको साथै आ.व. ०७९/८० को बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना समेत श्रावण १० गतेभित्र तयार गर्नु गराउनु हुन अनुरोध छ।



प्रदेश लेखा नियन्त्रक कार्यालय
बुटवल, रुपन्देही
दर्ता नं.:- 2
मिति:- ०६।४।२

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा सहकारी मन्त्रालय
मुकामः बुटवल, नेपाल
☎: ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : ०७९।८०
चलानी नं. : ०५

(२) खण्ड (१) बमोजिमको कार्यक्रम कार्यान्वयन कार्ययोजना निम्न बमोजिम तयार गर्नुपर्नेछः-

| क्र. सं. | समय सीमा | क्रियाकलाप |
|---|---|---|
| १ | ०७९ श्रावण महिनाभित्र सम्पन्न गर्नुपर्ने कार्यहरु | ○ बजेट बाँडफाँड तथा कार्यक्रम स्वीकृति<br>○ कार्यविधि/निर्देशिका निर्माण, परिमार्जन एवम् स्वीकृति<br>○ अधिकार प्रत्यायोजन तथा अख्तियारी<br>○ बातावरणीय परीक्षण सम्बन्धी कार्यहरु<br>○ कार्यविधि निर्माण<br>○ खरिद योजना स्वीकृति<br>○ खरिद इकाई गठन/परिमार्जन<br>○ बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृति |
| २ | ०७९ भाद्र महिनाभित्र सम्पन्न गर्नुपर्ने कार्यहरु | ○ टेण्डर डकुमेन्ट तयारी एवम् सूचना प्रकाशन<br>○ कर्मचारी/जनशक्ति व्यवस्थापन (कार्यविधीमा समय हेरफेर भएमा सोही अनुसार) |
| ३ | ०७९ आश्वीन महिनाभित्र सम्पन्न गर्नुपर्ने कार्यहरु | ○ टेण्डर/कोटेशन मुल्याङ्कन तथा छनौट<br>○ ठेक्का/खरिद सम्झौता<br>○ साइट क्लियरेन्स तथा निर्माण कार्य प्रारम्भ |
| ४ | ०७९ कार्तिक-पौष महिनाभित्र सम्पन्न गर्नुपर्ने कार्यहरु | ○ निर्माण/खरिद कार्यको तिव्रता<br>○ कार्यान्वयन चरणको अनुगमन मुल्याङ्कन<br>○ प्रथम चौमासिक समीक्षा |
| ५ | ०७९ माघ-चैत्र महिनाभित्र सम्पन्न गर्नुपर्ने कार्यहरु | ○ अधिकांश निर्माण/खरिद कार्य सम्पन्न<br>○ बहुवर्षीय र औचित्यपूर्ण कारणले ठेक्का सम्झौता ढिला भएका निर्माण/खरिद कार्यको कार्यान्वयनमा तिव्रता<br>○ कार्यान्वयन चरणको अनुगमन एवम् मुल्याङ्कन<br>○ अर्धवार्षिक समीक्षा<br>○ दोस्रो चौमासिक समीक्षा |
| ६ | २०८० बैशाख-ज्येष्ठ महिनाभित्र सम्पन्न गर्नुपर्ने कार्यहरु | ○ निर्माण/खरिद कार्य सम्पन्न<br>○ नाँप जाच परीक्षण एवम् भुक्तानी पूर्वको अन्तिम मुल्याङ्कन<br>○ श्रोत व्यवस्थापन |
| ७ | २०८० असार मसान्तभित्र सम्पन्न गर्नुपर्ने कार्यहरु | ○ खरिद प्रक्रियाको फरफारक<br>○ अन्तिम भुक्तानी<br>○ प्रतिवेदन |



सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा सहकारी मन्त्रालय
मुकामः बुटवल, नेपाल
☎: ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : ०७९।८०
चलानी नं. : ०९

(३) कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि आवश्यक नपर्ने क्रियाकलापहरु आर्थिक वर्षको शुरुदेखि नै खरिदको तयारी गरी कार्यान्वयनमा लैजानुहुनेछ ।

## (ख) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँड

(४) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा विस्तृत रुपमा क्रियाकलाप उल्लेख गरी समावेश भएको कार्यक्रम त्यस्तो कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत भएको मानिनेछ।

(५) खण्ड (३) मा उल्लेख भए बमोजिम प्रशासनिक खर्च बाहेक PLMBIS मा कार्यक्रम/क्रियाकलाप स्पष्ट नखुली एकमुष्ट रुपमा विनियोजित रकमको क्रियाकलापगत विवरण खुलाई चौमासिक विभाजन सहितको कार्यक्रम तयार गरी २०७९ भदौ मसान्तभित्र PLMBIS मा प्रविष्टि गरी यस मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नुहुनेछ।

(६) PLMBIS मा कार्यक्रम र कार्यक्रम संख्या उल्लेख भएको तर क्रियाकलाप र कार्यान्वयन गर्ने स्थान स्पष्ट नभएको, कार्यक्रमको स्पष्ट रुपमा क्रियाकलाप र स्थान खुलाई २०७८ भदौ मसान्तभित्र यस मन्त्रालयको सहमति लिएर कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुनेछ ।

(७) एउटै अनुदान संकेत भित्रको एउटा कार्यालय/निकायको नाममा स्वीकृत कार्यक्रम अर्को कार्यालय/निकायबाट कार्यान्वयन गर्नुपर्ने भएमा PLMBIS मा संशोधन प्रस्ताव प्रविष्टि गरी भदौ मसान्तभित्र यस मन्त्रालयको स्वीकृति लिएर कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

(८) आ.व. २०७९/०८० मा नयाँ कार्यक्रमका लागि थप निकासा माग गर्नु हुने छैन । आ.व. २०७९/०८० को नीति कार्यक्रम तथा बजेटमा उल्लेख भएका र कानूनत: स्थापना गर्नुपर्ने कुनै संगठन, त्यसको संरचना र दरबन्दी सिर्जनासम्बन्धी निर्णय गर्नुपूर्व यस मन्त्रालयको सहमति लिनुहुनेछ ।

(९) नेपाल सरकारबाट सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन गर्ने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको विवरण सहितको खण्ड (क) बमोजिमको कार्ययोजना २०७९ भदौ मसान्तभित्र यस मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु हुनेछ ।सशर्त तर्फका आयोजनाको बजेट फेरबदल गर्नुपर्ने अवस्थामा यस मन्त्रालयमार्फत् संघीय अर्थ मन्त्रालयको सहमति लिने व्यवस्था मिलाउनु हुनेछ ।



सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा सहकारी मन्त्रालय
मुकामः बुटवल, नेपाल
☎: ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : ०७९।८०
चलानी नं. : ०९

(१०) बजेट तथा कार्यक्रममा समावेश भएको भए तापनि सवारी साधन खरिद गर्नुपूर्व अनिवार्य रुपमा यस मन्त्रालयको सहमति लिनुहुनेछ । साथै यथासंभव विद्युतीय सवारी साधन खरिद गर्ने प्रबन्ध गर्नुहुनेछ।

(११) प्राकृतिक प्रकोप, विपद् र विशेष अवस्थामा बाहेक थप निकासा/रकमान्तर नगरिने हुँदा विनियोजित बजेटको सीमाभित्र रही कार्यक्रम कार्यान्वयन गर्नु गराउनु हुनेछ ।

(१२) स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृति वा संशोधन नगर्ने/नगराउने व्यवस्था पालना गर्नुहुनेछ। कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण गर्ने उद्देश्यले मन्त्रालय/निकायको सिलिङभित्रै पर्ने गरी स्रोत सुनिश्चितता दिइएको आधारमा विनियोजित बजेटभन्दा थप दायित्व सिर्जना गर्ने र थप बजेट माग गर्ने कार्य गर्नुहुने छैन ।

(१३) अवण्डामा रहेका अनुदानसँग सम्बन्धित कार्यक्रमहरुको सम्बन्धमा साउनभित्र कार्यविधि तयार हुनेछ र सो सम्बन्धी सूचना भदौ मसान्तभित्र प्रकाशन गरी अनुदान प्राप्त गर्ने निकायको टुङ्गो लगाइसक्नु पर्नेछ ।

## (ग) बजेट निकासा तथा कार्यान्वयन

(१४) बजेटको प्रभावकारी कार्यान्वयनको लागि आ-आफ्नो मन्त्रालय निकायको तर्फबाट निर्माण गर्नुपर्ने कार्यविधि, निर्देशिका र मापदण्डहरुको तयारी गरी २०७९ साउन मसान्तभित्र स्वीकृत गरी कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(१५) सार्वजनिक खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ र सार्वजनिक खरिदसम्बन्धी प्रदेश नियमावली, २०७६ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई कार्य गर्नु हुनेछ ।

(१६) विभिन्न किसिमका कोष, अनुदान, सहायता, मागमा आधारित कार्यक्रम आदिमा विनियोजन भएको रकम कार्यविधि र मापदण्ड अनिवार्य रुपमा यस मन्त्रालयको सहमति लिई स्वीकृत गर्ने र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

(१७) तहाँ अन्तर्गत स्थापना/हस्तान्तरण हुने सचिवालय, विभाग, कार्यालय आदिका लागि भैपरी आउनेमा विनियोजन गरिएको रकम खर्च शीर्षकगत रुपमा बाँडफाँड गरी यस मन्त्रालयको स्वीकृति लिएर



सचिव

कार्यान्वयन गर्नुहुनेछ । रकम बाँडफाँड गर्दा तलब, भत्ता, भाडा, पानी बिजुली, सञ्चार महसुल जस्ता अनिवार्य दायित्वमा यथेष्ट रकम छुट्याउनु हुनेछ ।

(१८) खर्च शीर्षक नं. २८९११ (भैपरी आउने चालु खर्च) र ३१५११ (भैपरी आउने पुँजीगत खर्च) मा विनियोजित बजेट यस मन्त्रालयबाट बाँडफाँड स्वीकृत गराई खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(१९) स्वीकृत भएका बहुवर्षीय आयोजनाहरु निरन्तर कार्यान्वयन गर्नुहुनेछ । आर्थिक वर्ष २०७९ / ०८० को वार्षिक विकास कार्यक्रममा स्वीकृत कुनै आयोजना बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गर्नुपर्ने भएमा २०७९ असोज मसान्तभित्रै प्रदेश योजना आयोगबाट स्वीकृत गराई यस मन्त्रालयबाट स्रोत सुनिश्चितता प्राप्त गर्नु पर्नेछ ।

(२०) विनियोजन ऐन २०७९, को दफा ५ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकाय वा स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रचलित कानून बमोजिम पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२१) नयाँ आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएपछि प्रदेश योजना आयोग र यस मन्त्रालयको सहमती लिएपछि मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुहुनेछ।

(२२) प्रदेश अन्तर्गत विभिन्न निकायबाट सञ्चालन हुने तालिम, गोष्ठी, अन्तर्क्रिया आदि संचालन गर्दा अन्य मन्त्रालयहरुसँग समन्वय गरी दोहोरो नपर्ने गरी प्रदेश सरकारबाट स्वीकृत खर्चको मापदण्ड अनुरुप गर्ने व्यवस्था मिलाउनु हुनेछ ।प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट सञ्चालन हुने तालिम तथा कार्यक्रम अन्य मन्त्रालय/निकायबाट सञ्चालन गर्नुहुने छैन ।

(२३) निर्माण व्यवसायीसँग खरिद सम्झौता गरी कार्यान्वयन हुने निर्माण कार्यहरु खरिद सम्झौता अनुसार काम भए नभएको विषयमा अनुगमन गरी समयमा कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनु हुनेछ। समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुलाई प्रचलित कानून बमोजिम कारबाही गर्नु हुनेछ।

(२४) विनियोजित बजेटभन्दा बढी रकमको र अर्को आर्थिक वर्षमा दायित्व पर्ने गरी खरिद कार्य गर्नु पर्ने भएमा खरिद कार्य शुरु गर्नु पूर्व यस मन्त्रालयको सहमति लिई अघि बढाउनु हुनेछ ।

(२५) नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा सञ्चालन हुने आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि द्विविधा उत्पन्न भएमा यस मन्त्रालय र सम्बन्धित संघीय मन्त्रालयसँग समन्वय गर्नु हुनेछ।



सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा सहकारी मन्त्रालय
मुकामः बुटवल, नेपाल
☎: ०७१-५५०००३,
०७१-५५००६३

पत्र संख्या : ०७९।८०
चलानी नं. : ०५

(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन

(२६) PLMBIS मा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा यस मन्त्रालयको स्वीकृति लिनुपर्नेछ । तर प्रदेश विनियोजन ऐन, २०७९ को दफा ८ को उपदफा (७) अनुसार प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लेखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी सशर्त, समपुरक र विशेष अनुदान बाहेक सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सक्नेछः-

- एकै बजेट उपशीर्षक भित्रको क्रियाकलाप यथावत रहने गरी परिमाणात्मक लक्ष्य थप-घट गर्ने गरी कार्यक्रम संशोधन,
- यसरी कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नुपर्ने भएमा स्रोत परिवर्तन नहुने गरी लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा १७ को अधिनमा रही उही बजेट उपशीर्षक भित्र एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा थप हुने खर्च शीर्षकको शुरू विनियोजनको पन्ध्र प्रतिशतसम्मको रकमान्तर,
- एकभन्दा बढी निकायमा बाँडफाँड भएको एकै बजेट उपशीर्षक अन्तर्गतको एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नु पर्ने भएमा रकम घटाउने कार्यालयसँग सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट रकम रोक्का गरेको पत्र लिई, क्रियाकलाप परिवर्तन नगरी र कुल परिमाणात्मक लक्ष्यमा नघट्ने गरी कार्यक्रम संशोधन ।

(२७) पुँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा र पुँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न सकिने छैन ।

(२८) तहाँ मन्त्रालय/निकायबाट आर्थिक कार्यविधि ऐन, २०७४ र प्रदेश विनियोजन ऐन, २०७९ को सीमाभित्र गरिएको रकमान्तर यस मन्त्रालयमार्फत् जानकारी दिई PLMBIS मा Entry गरी स्वीकृत गराउनुपर्नेछ। अति आवश्यक भएमा बाहेक रकमान्तर गर्न नपर्ने गरी स्रोत व्यवस्थापन गर्नुहुनेछ।

(२९) कुनै आयोजनामा विनियोजन भएको बजेटभन्दा बढी खर्च गर्नुपर्ने भएमा प्रदेश विनियोजन ऐन, २०७९ को परिधिभित्र रही रकमान्तर स्वीकृत भएपछि मात्र कार्यान्वयन गर्नु हुनेछ । भुक्तानी गर्ने बेलामा



सचिव

☏: ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : ०७९।८०
चलानी नं. : ०८

रकमान्तर प्रस्ताव गर्नुहुने छैन ।रकमान्तर सम्बन्धी सबै कार्य २०८० बैशाख महिनाभित्रै सम्पन्न हुने व्यवस्था मिलाउनु हुनेछ ।

(३०) पदाधिकारी र कर्मचारीको पारिश्रमिक, तलब, भत्ता, पोशाक, पानी तथा बिजुली एवम् सञ्चार महसुलमा आगामी वर्षहरूको लागि दायित्व नसर्ने गरी र जरिवाना तिर्न नपर्ने गरी खर्च व्यवस्थापन गर्नु हुनेछ । यी खर्च शीर्षकहरूबाट यस मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

(३१) स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करार व्यवस्थापन गर्नुहुनेछ। सेवा करारमा कार्यरत व्यक्तिहरुको पारिश्रमिक/सेवा शुल्क खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नुहुनेछ।

(३२) नियमानुसारको कर कट्टी गरी भुक्तानी गर्नुपर्ने विषयमा भुक्तानी गर्दा अनिवार्य रुपमा अग्रिम कर कट्टी गर्ने व्यवस्था मिलाउनुहुनेछ। प्रत्येक निकायबाट कर कट्टी भएको वा संकलन भएको विवरण नियमित रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

(३३) आयोजनाहरुको रकम भुक्तानी गर्दा उक्त आयोजनालाई PLMBIS मा विनियोजन भएको बजेटभन्दा बढी रकम भुक्तानी गर्नुहुने छैन।

(३४) मेला एवम् प्रदर्शनी आयोजना गर्न अनुदान दिंदा अनिवार्य रुपमा राजश्व संकलन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

(३५) मागमा आधारित आयोजनाहरु DPR पश्चात कार्यान्वयन गर्ने भनी विनियोजन भएकोमा DPR सम्पन्न भई कुनै आयोजना कार्यान्वयन गर्नुपर्ने भएमा यस मन्त्रालयको सहमति लिइ PLMBIS मा समावेश गराएर मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(३६) बजेटमा समावेश नभएका नयाँ आयोजनाहरु मन्त्रालयस्तरीय निर्णय गरी बजेटमा समावेश गर्नुहुने छैन।

(३७) नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानबाट संचालन हुने कार्यक्रमहरुको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा चौमासिक रुपमा प्राप्त हुने हुँदा खर्चको विवरण मासिक रुपमा र प्रगति प्रतिवेदन चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय र यस मन्त्रालयमा पठाउनु हुनेछ।

सचिव

☎: ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : ०७९।८०
चलानी नं. : ०५

(३८) संघीय सशर्त अनुदान अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमको भौतिक र वित्तीय प्रगति विवरण सम्बन्धित आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले सम्बन्धित संघीय मन्त्रालय ⁄ निकायमा चौमासिक रुपमा पठाउनुपर्नेछ ।

(३९) नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा वैदेशिक सहायता सम्झौता बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा छुट्टै अभिलेख राखी निर्धारित समयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित शोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नुहुनेछ ।

**(ङ) वित्तीय पारदर्शिता र जवाफदेहिता**

(४०) सबै मन्त्रालयहरुले बजेटमा समावेश आ-आफ्ना मन्त्रालयका बजेट तथा कार्यक्रम र कार्यान्वयन कार्ययोजनासहितको मन्त्रालयगत बजेट पुस्तक तयार गरी आफ्नो मन्त्रालयको वेबसाइटमा राख्ने एवम् आफ्ना सबै कर्मचारी सेवाग्राही र संचार माध्यमलाई उपलब्ध गराउनुपर्नेछ।

(४१) बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी रु. ३ करोडभन्दा बढी बजेट विनियोजन भएका आयोजना तथा कार्यक्रमहरुको मासिक प्रगति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र सबै आयोजना तथा कार्यक्रमहरुको चौमासिक रुपमा प्रदेश योजना आयोग र यस मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ ।

(४२) आयोजना/कार्यक्रमको प्रगति तथा समस्याहरु उपर महिना भुक्तान भएको १५ दिनभित्र माननीय मन्त्रीज्यूको अध्यक्षतामा बैठक बसी समीक्षा गर्नुहुनेछ । मन्त्रालयस्तरबाट समाधान हुन नसकेका समस्याहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग र यस मन्त्रालयमा पठाउनु हुनेछ।

(४३) तलब भत्ता, सेवा करार लगायतका सबै प्रकारका भुक्तानीहरू बैंक खातामार्फत मात्र गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(४४) प्रदेश सरकार (मन्त्रिपरिषद्) द्वारा स्वीकृत सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मीतव्ययितासम्बन्धी निर्देशिकाको कडाईका साथ पालना गर्नु हुनेछ ।



सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा सहकारी मन्त्रालय
मुकामः बुटवल, नेपाल
☎: ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : ०७९।८०
चलानी नं. : ०६

(४५) आयोजना/प्रमुखको कार्य सम्पादन मूल्यांकनलाई आयोजना वा कार्यालयको प्रगतिसँग आवद्ध गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

## (च) आर्थिक मितव्ययिता एवम् चालु खर्च नियन्त्रण

(४६) आ.व. ०७९/८० मा चालु खर्चलाई निश्चित सीमाभित्र कायम राख्ने र आर्थिक मीतव्ययिता कायम गर्न देहाय बमोजिम गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछः-

- कार्यालय सहयोगी एवम् सवारी चालक जस्ता पदहरुमा अति आवश्यक नभई पदपूर्ति गर्ने वा सेवा करारमा लिने कार्य गर्नुहुने छैन । साथै एकै व्यक्तिले एकभन्दा बढी काम गर्ने (जस्तैः सवारी चालक कार्यालय सहयोगी एवम् निजी सहायक) बहुसिपयुक्त जनशक्ति सेवा करारमा लिने र त्यस्ता जनशक्तिबाट कार्यालय समय भरि नै सेवा लिने व्यवस्था मिलाउने,
- मन्त्रालय ⁄ निकायहरुले आफ्नो नियमित कार्य विवरण अन्तर्गतको कार्यसम्पादन गर्दा बैठक भत्ता एवम् अतिरिक्त समय भत्ता प्रदान गर्नुहुने छैन । कार्यालय समय बाहेकको समयमा प्रचलित कानून वा निर्णय बमोजिम गठित समितिको बैठक राख्दा ३ जना भन्दा बढी आमन्त्रित एवम् सहयोगी कर्मचारी राखी बैठक भत्ता उपलब्ध गराउनु हुने छैन । साथै अतिरिक्त समय काम लगाउँदा कार्यालय समय भित्र काम सम्पन्न हुन नसक्ने तथ्य वा विवरणमा आधारित भई अतिरिक्त समयमा लगाउने कामको विवरण र अपेक्षित नतिजा उल्लेख गरी अधिकार प्राप्त अधिकारीबाट त्यस्तो काम लगाउनु अगावै निर्णय गरेको हुनुपर्नेछ । एकै समयमा बैठक भत्ता र अतिरिक्त समय भत्तामध्ये दुवै सुविधा उपलब्ध नगराउने,
- महाशाखा प्रमुखहरुलाई सवारी एवम् इन्धन सुविधा उपलब्ध गराउँदा यथासम्भव एकै सवारीले एकभन्दा बढी महाशाखा प्रमुखलाई सुविधा दिने व्यवस्था मिलाउने,
- कार्यालय प्रयोजनको लागि इन्धन प्रयोग गर्दा कुन कामको लागि प्रयोग गरिएको हो, सो कामको विवरण र यात्रा गर्ने दुरी समेतको आधारमा औचित्यपूर्ण इन्धनमात्र स्वीकृत गर्ने प्रयोग गर्ने र लगबुक राख्ने व्यवस्था मिलाउने,
- मातहत निकायको योजना तथा कार्यक्रम अनुगमन गर्दा निश्चित मापदण्डको आधारमा तोकिएको अन्तरालमा तोकिएको पदाधिकारीबाट अनुगमन हुने व्यवस्था मिलाउने । कतै पटक पटक



सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा सहकारी मन्त्रालय
मुकामः बुटवल, नेपाल
☎: ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : ०७९।८०

चलानी नं. : ०६

अनुगमनको नाममा दैनिक तथा भ्रमण भत्ता खर्च हुने कतै अनुगमन नै नहुने अवस्था आउन नदिने, अनुगमनमा जाने पदाधिकारीले तोकिए बमोजिमको अनुगमन प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने र त्यस्तो प्रतिवेदन प्राप्त नभई दैनिक तथा भ्रमण भुक्तानी खर्च नलेख्ने,

- सवारी साधन एवम् मेशिन उपकरण मर्मत सम्भार गर्दा गराउँदा सम्बन्धित प्राविधिकबाट यथार्थपरक लागत अनुमान तयार गरी गराई अधिकार प्राप्त अधिकारीबाट त्यस्तो लागत अनुमान स्वीकृत गरी आर्थिक वर्षभरिमा एक पटक मात्र (कुनै घटना वा दुर्घटना परेको अवस्थामा बाहेक) मर्मत सम्भार गर्ने गराउने । एकै सवारी सधान उपर मर्मत सम्भारको नाममा पटक-पटक रकम खर्च गर्ने कुरालाई निरुत्साहित गर्ने ।

(४७) आ.व. ०७९/८० मा विभिन्न निर्माण कार्यको लागि पहिलो पटक ठेक्का सम्झौता भईसकेपछि प्रतिष्पर्धाको आधारमा बचत हुने रकमबाट यस मन्त्रालयको पूर्व स्वीकृति नलिई दोस्रो वा तेस्रो पटक ठेक्का पट्टा नगर्ने नगराउने व्यवस्था मिलाउनु हुनेछ । साथै यसरी बचत हुने रकम अर्को आयोजना वा कार्यक्रममा रकमान्तर गर्ने वा अन्यत्र सिर्जना हुने दायित्व भुक्तानी गर्ने कार्यसमेत गर्नु गराउनु हुने छैन ।

(छ) अन्यः

(४८) प्रदेश सरकारका निकायले आफ्नो स्वामित्व/भोगचलनमा रहेका जग्गालाई बाँझो नराख्ने तथा कार्यालय परिसरलाई वातावरणमैत्री बनाई हरियाली राख्ने व्यवस्था मिलाउनु हुनेछ ।

(४९) मन्त्रालय, निकाय/कार्यालयहरुको कार्यजिम्मेवारी, कानूनी व्यवस्था, जोखिम अनुमान, जोखिम न्यूनीकरणका उपायहरु र आचारसंहिताका विषय समेटिइएको आन्तरिक नियन्त्रण पुस्तिका तयार गरी लागू गर्नुहुनेछ।

अन्त्यमा, प्रस्तुत् बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा सहकारीज्यूको सिर्जनात्मक कुशल व्यवस्थापन, एवम् नेतृत्वदायी भूमिकाको अपेक्षा गरिएको छ ।

आर्थिक वर्ष २०७९/०८० को बजेटसँग सम्बन्धित प्रकाशन यस मन्त्रालयको वेवसाइट moeap.lumbini.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

श्री सचिवज्यू

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, मुकामः बुटवल ।

आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय, लुम्बिनी प्रदेश, मुकामः बुटवल ।

आर्थिक मामिला तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश, मुकामः बुटवल ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
# आर्थिक मामिला तथा सहकारी मन्त्रालय
मुकामः बुटवल, नेपाल

☎: ०७१-५५०००३,
०७१-५५००६३

पत्र संख्या : ०७९।८०
चलानी नं. : ०६

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, लुम्बिनी प्रदेश, मुकामः बुटवल ।
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, लुम्बिनी प्रदेश, मुकामः बुटवल ।
कानुन, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, लुम्बिनी प्रदेश, मुकामः बुटवल ।
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश, मुकामः बुटवल ।
पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय, राप्ती उपत्यका, देउखुरी, दाङ।
भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेश, मुकामः बुटवल ।
वन वातावरण तथा भू-संरक्षण मन्त्रालय, लुम्बिनी प्रदेश, मुकामः बुटवल ।
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय, लुम्बिनी प्रदेश, मुकामः बुटवल ।
श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश, मुकामः बुटवल ।
स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय, राप्ती उपत्यका, देउखुरी, दाङ।

..............................
नेत्रप्रसाद सुवेदी
सचिव

सचिव

**बोधार्थः**

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौं ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, लुम्बिनी प्रदेश, मुकामः बुटवल ।